प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**नसर्ने रोगबाट बच्ने उपाय**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,
- समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : ११६ ॥ २०८२ जेठ २२ गते बिहिबार (5th June 2025 Thursday) Pratidin National Daily मूल्य–रु.५/–

# झापामा बाढीसम्बन्धी कृत्रिम घटना अभ्यास

झापा(प्रस) ।झापा जिल्लाको मनसुन विपद् पूर्वतयारीको लागि बाढीसम्बन्धी कृत्रिम घटना अभ्यास गरिएको छ ।

विपद्का घटनामा विशेष गरी बाढीका वेला प्रभावकारी खोज तथा उद्धारका लागि विपद् पूर्वतयारी कृत्रिम घटना अभ्यास गरिएको हो ।

यस वर्ष औसतभन्दा बढी पानी पर्ने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेअनुसार बाढी, डुबान तथा कटानले गर्नसक्ने बढ्दो जनधनको क्षतिलाई न्यूनीकरण गर्नका लागि मेचीनगर नगरपालिकाको वडा नं. १३ मा अवस्थित निचाझोडा पोखरीमा संयुक्त कृत्रिम अभ्यास गरिएको अरिमदन गण चारआलीले जनाएको छ । अरिमदन गण चारआलीको अगुवाईमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी , सशस्त्र प्रहरी तथा जिल्ला रेडक्रसद्वारा संयुक्तरुपमास्थानिय स्रोत र साधनको प्रयोगबाट तयार गरिएको ईम्प्रोभाईज फ्लोटिङ्ग डिभाईसको प्रयोग गरी बाढी तथा डुवानको समयमा आफू सुरक्षित रहि अरुलाई पनि सुरक्षित बनाउने तरिका, डुबानमा परेका व्यक्तिहरुको रबरको डुंगा प्रयोग गरी खोज तथा उद्दार, पानी मुनिबाट उद्धार, पानी माथि डोरी प्रयोग गरी उद्धार तथा घाइते बिरामीहरुलाई प्राथमिक उपचार तथा राहत वितरणको कृत्रिम अभ्यास गरिएको थियो ।



झापा जिल्लामा परेको पानीले भन्दा इलाम जिल्लामा परेको पानीले बढी क्षति पुर्‍याउने हुँदा बाढी, डुबान तथा कटानले गर्नसक्ने बढ्दो जनधनको क्षतिलाई न्यूनीकरण गर्न सो अभ्यास गरिएको अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातले बताए ।

कार्यक्रममा जिल्ला विपद व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, श्री नं. २१ बाहिनी अड्डाका सहायक बाहिनीपति महासेनानी ब्रजेश महर्जन, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बू , सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी , राष्ट्रिय अनुसन्धान कार्यालय झापाका प्रमुख उपसचिव कुलचन्द्र नेपाल , बिभिन्न पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु, वडा अध्यक्ष, विपद् प्रतिकार्य सम्पर्क अधिकृतहरु, विपद् प्रतिकार्यसंग सरोकार राख्ने संघ संस्थाका प्रतिनिधिहरु, बिभिन्न विद्यालयका शिक्षक शिक्षिका तथा विद्यार्थीहरु, राष्ट्रिय सेवादलमा आवद्ध एनसीसी क्याडेट तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो ।

अरिदमन गणका गणपति प्रमुख सेनानी बस्न्यातको स्वागत मन्तब्यसहित शुरुवात भएको कृत्रिम अभ्यास कार्यक्रममा बोल्दै जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले झापा जिल्लाको विभिन्न स्थानमा भारी वर्षाको कारण बाढी, पहिरो, डुबान, कटान जस्ता प्राकृतिक विपद्बाट हुन सक्ने क्षतिलाई मध्यनजर गरी प्रभावितहरुका लागि तत्काल उद्धार तथा राहत कार्य प्रभावकारी रुपमा गर्न जिल्लामा भएका विपद्का सबै क्लस्टरलाई आ-आफ्नो तयारी गरि विपद् परेको खण्डमा तुरुन्त परिचालन भई जनधनको क्षति न्यूनीकरण गर्न निर्देशन दिएका छन् । साथै अभ्यास मनसुन-५ अन्तर्गत तेस्रो चरणमा जेठ २३ गतेदेखि २९ गतेसम्म डुबान प्रभावित पालिकाहरुमा स्थलगत तालिम अभ्यास संचालन गरिने भएको छ ।

उक्त कार्यक्रमको दौरान स्थानीयहरुलाई सहभागी गराई विपद् प्रतिकार्य सम्बन्धी कक्षा र डेमोस्ट्रेशन संचालन गरिने अरिदमन गणका गणपति प्रमुख सेनानी बस्न्यातले जानकारी दिएका छन् ।(बाँकी तस्वीरहरु पृष्ठ ३ मा)

# गायत्री मन्दिरमा गायत्री जयन्तीको तयारी पूरा



झापा(प्रस) । पहिलो पटक झापामा आयोजना गर्न लागिएको गायत्री जयन्तीको तयारी पूरा भएको छ । पूर्वमै पहिलो पटक बिर्तामोडमा अढाई करोड रुपैयाँको लागतमा निर्माण भएको गायत्री माताको मन्दिरमा आज गायत्री जयन्ती आयोजना गर्न लागिएको हो । गायत्री माता मन्दिर सेवा समितिले गायत्री जयन्ती मनाउन लागेको हो ।

जयन्तीमा विशेष प्रकारको कार्यक्रम आयोजना गर्दै सन्ध्या आरती गर्ने कार्यक्रम रहेको छ । गायत्री माताको मन्दिर निर्माणमा अगुवाई गर्ने रोनक वंशलका अनुसार आज विहान ९ बजे मन्दिर परिसरबाट निशान यात्रा निकालिने छ । निशान यात्राले बिर्तामोड परिक्रमा गर्दै पुनः मन्दिर परिसर पुग्ने कार्यक्रम छ । त्यसपश्चात् मन्दिरमा माताको विशेष पूजा आरधना गरिने र साँझ ७ बजेबाट सन्ध्याकालीन भजन कीर्तनको आयोजना गर्दै महाप्रसाद बितरण गरिने उनले जानकारी दिए । माताको भजन कीर्तनका लागि स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त भजन गायकको उपस्थिति रहने जनाइएको छ । झापामा नै पहिलो पटक माता गायत्री देवीको मन्दिर निर्माणसंगै गायत्री जयन्त्री मनाउने कार्यक्रम रहेकाले आम श्रद्धालु भक्तजनलाई माताको जयन्तीमा सहभागी बन्दै पुण्य आर्जन गर्न सेवा समितिले आग्रह गरेको छ ।

बिर्तामोडका युवा व्यवसायी वंशलको अगुवाइमा बिर्तामोड ५ स्थित अग्रसेन भवनको समिपमा माता गायत्रीको दिब्य मन्दिर निर्माण भएको छ । २०८० साल जेठ १७ गतेबाट मन्दिर निर्माण प्रारम्भ भएर २०८१ साल माघ २१ गते विधिपूर्वक माताको प्राण प्रतिष्ठा गर्दै मन्दिर सञ्चालनमा आएसंगै यो वर्ष गायत्री जयन्ती मन्दिर परिसरमा मनाउन लागिएको गायत्री माता मन्दिर सेवा समितिका अध्यक्ष विवेक अग्रवालले जानकारी दिए ।

गायत्री माताको मन्दिर निर्माण गर्दै सञ्चालनमा ल्याएसंगै झापावासीले माताको स्मरणमा मन्दिरमा बसेर पूजाआजा गर्दै मन्त्रोच्चारण गर्न पाउने भएका हुन् । बुद्धि , ज्ञान र दिब्य शक्तिको प्रतिनिधित्व गर्ने देवी गायत्रीको अवतारलाई पवित्र हिन्दू पर्वका रुपमा गायत्री जयन्ती मनाइने गरिन्छ । यो वर्ष गायत्री जयन्ती आज जेठ २२ गते परेको छ । परम्परा अनुसार गायत्री जयन्तीलाई वेद व्यास जयन्तीको रुपमा पनि मनाइने गरिएको छ । वेदकी आमा र आध्यात्मिक प्रकाशको सर्बोच्च स्रोत मानिने गायत्री मातालाई गहिरो सम्मान गरिन्छ । हिन्दू धर्ममा एक पबित्र र शक्तिशाली देवीको रुपमा माता गायत्रीलाई लिने गरिन्छ

# मनसुन विपद्का लागि ७५५ जना जनशक्ति तैनाथ

झापा(प्रस) । राष्ट्रिय जल तथा मौसम पूर्वानुमान महाशाखाले यस बर्ष औसतभन्दा बढी बर्षा हुने पूर्वानुमान गरेसंगै झापामा मनसुन विपद्का लागि ७५५ जना जनशक्ति तैनाथ राखिएको छ । त्यसबाहेक थप जनशक्ति परिचालन गर्नेगरी सुरक्षा निकाय र रेडक्रसबाट तयारी गरिएको छ ।

मनसुन विपद्का लागि सशस्त्र प्रहरीको ३२० जना , जनपद प्रहरीको ११० जना , नेपाली सेनाको १६० जना , रेडक्रसको १२५ जना र विपद् व्यवस्थापन गुल्मको ४० जनालाई स्टेन्डबाई राखिएको हो । चारआलीस्थित नेपाली सेनाको अरिदमन गणमा झापा जिल्लाको विपद् व्यवस्थापनसंग सम्बन्धित सुरक्षा निकाय , स्थानीय तह र विभिन्न संघ संस्थाबीचको छलफलमा ती निकायले आ-आफ्ना तयारीबारे जानकारी दिएका हुन् ।

सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाका सशस्त्र प्रहरी नायव उपरीक्षक मदनकुमार रसाइलीले गणमा ३५ जना र मातहत गुल्म र विओपी तथा सुरक्षा वेशहरुमा उद्धार सामग्रीसहित विपद् प्रतिक्रिया टोली स्टेन्डबाई रहेको जानकारी दिए । उनले सशस्त्र प्रहरी कर्मचारीहरुलाई बिपद् ब्यवस्थापन अनुशिक्षण तालिम संचालन तथा अभ्यास गराइएको बताउँदै जिल्लाका १३१ वडाहरुमा २५ जना गरी जम्मा ३२७५ जना विपद् सूचक तयार गर्ने लक्ष्यअनुरुप हालसम्म १७१ जना तयार भएको जानकारी दिए । चालू आर्थिक वर्षमा १९३ वटा बिपद् सम्बन्धी सचेतनामुलक कक्षा संचालन गरिएकोसमेत उनले जानकारी दिए ।



त्यस्तै जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिपेश कार्कीले जम्मा जिल्लामा १ हजार १८४ जना प्रहरी कार्यरत रहेकोमा त्यसमध्ये ११० जनालाई मनसुन विपद्का लागि तयारी राखिएको जानकारी दिए । प्रहरीसंग भएका स्रोत साधनलाई तयारी हालतमा राखिएको उनको भनाई छ । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापाका हरिशरण खड्का , विपद व्यवस्थापन गुल्मका प्रहरी निरीक्षक विन्देश्वर यादवले पनि आफ्ना कार्यालयका तर्फबाट भए-गरेका तयारीका बारेमा जानकारी दिएका थिए ।

त्यस्तै विभिन्न स्थानीय तह र संघ संस्थाहरुले विपद् को तयारीबारे जानकारी दिएका थिए ।बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले विपद् का लागि सयभन्दा बढी स्काउटर तयारी अबस्थामा राखिएको जानकारी दिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बिर्तामोडमा बाढी र डुबान आएको खण्डमा पीडितहरुका लागि अतिथि सदनलाई आश्रयस्थलको रुपमा प्रयोग गर्न दिएर सहयोग गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा जिल्ला बिपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जिल्लामा भएका विपद्का सबै क्लस्टरलाई आ-आफ्नो तयारी गरि विपद् परेको खण्डमा तुरुन्त परिचालन भई धनजनको क्षति न्यूनीकरण गर्न निर्देशन दिएका थिए ।

**ताजा फलफूल तथा जुस पाउने एकमात्र ठाउँ**



भद्रपुर–८, बिजुली अफिस अगाडी रहेको फलफूल पसलमा सबै प्रकारका फलफूल (स्याउ, सुन्तला, अनार आदी) पाउनुको साथै बिरामी तथा स्वास्थ्य मानिसको लागि फ्रेस जुस पनि पाईन्छ ।



सम्पर्क
**श्याम फ्रुट्स एण्ड जुस सेन्टर**
भद्रपुर ८, बिजुली अफिस अगाडी
९८२६७२१५२८

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड–४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स–रे/डिजिटल एक्स–रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# उद्योग वाणिज्य संघद्वारा बिर्तामोडमा सरसफाई




बिर्तामोड(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले बिर्तामोडमा सरसफाई गरेको छ। संघले बुधबार बिहान बिर्तामोडको काँकरभिटा रोडमा रहेको डिभाइडर सरसफाई गरेको हो।संविधान सभा सदस्य तथा संघका पूर्व अध्यक्ष सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बोल्दै संघका अध्यक्ष राजु न्यौपानेले नगरलाई सफा र सुन्दर राख्न सरसफाई गरिएको बताए ।

उनले नगर सफा राख्ने दायित्व आम नागरिकको समेत भएको हुँदा जथाभावी फोहोर नगर्न र रोपिएका विरुवाको संरक्षण गर्न आग्रह समेत गरे ।

बिर्तामोड उद्योग वाणिज्य संघका पदाधिकारीसहित व्यवसायी र सामाजिक संघ संस्थाका प्रतिनिधिको उपस्थितिमा डिभाइडमा रहेको झारपात हटाइएको थियो ।

सुन्दर बिर्तामोड बनाउनका निमित्त डिभाइडर सरसफाई गर्नुका साथै त्यहाँ रहेका अशोकका रुखका हाँगाहरु कटिङ गरेर मिलाइएको संघका अध्यक्ष न्यौपानेले जानकारी दिए ।

कार्यक्रम संयोजक विपीन वजगाईले स्वागत गरेको कार्यक्रममा बिर्तामोड ६ का वडाध्यक्ष सूर्य कन्दङवा, ५ का वडाध्यक्ष रोहित प्रसाई, बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष मेघराज बास्तोला , इलाम झापा मैत्री समाजकी अध्यक्ष तिलोत्तमा खत्री, उपाध्यक्ष नरेश कर्माचार्य, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायत व्यवसायीहरू सहभागी थिए । उद्घाटन कार्यक्रम संघकी उपाध्यक्ष गोमा भट्टराईले सञ्चालन गरेकी थिइन् ।

# ज्यामिरगढीको बायोमास इनर्जी उद्योगमा आगालागी

मेचीनगर(प्रस) । मेचीनगर-१५, ज्यामिरगढीस्थित सरिया बायोमास इनर्जी प्रालिको उद्योगमा आगलागी भएको छ ।

बुधबार विहान उद्योगमा रहेको प्लाईको टुक्रामा आगलागी भएको इलाका प्रहरी कार्यालय धुलाबारीले जनाएको छ ।

उद्योगमा विहान साढे ६ वजे आगलागी भएको जानकारी आउनसाथ इलाका प्रहरी कार्यालय धुलाबारीका सहायक निरीक्षक गंगाराज राईको टोली, भद्रपुर र मेचीनगरको दमकलले आगो निभाउने प्रयास गरेको थियो ।

सरिया बायोमास इनर्जी प्रालिका सञ्चालक विवेक पुरीले विहान करिव ४ वजेतिर काठको जवडा बाफफिएर आगो लागेको हुनसक्ने अनुमान गरेका छन् ।

उनले बायोमास पेलेटबाट वीक्रेट (कोइला) बनाउन प्रयोग गरिने करिव साढे तीन सय गाडी काठको जवडा जलेर नष्ट भएको बताए । उनका अनुसार उद्योगमा करिव १२ सय गाडी जति काठको जवडा भण्डारण गरेर राखिएको थियो ।

उद्योगमा आगलागी हुँदा कतिको क्षति भयो भन्ने यकिन विवरण नआइसकेको प्रहरीको भनाई छ ।

इटा, सिमेन्ट उद्योग, होटल लगायत क्षेत्रमा प्रयोग भइरहेको कोइला विस्थापित गरेर हरित र दीगो उर्जाको प्रवर्द्धन गर्न बायोमास पेलेटको प्रयोग गरिन्छ । सामुदायिक वनबाट ल्याइएका पात, सुकेको काठको जवडाबाट बायोमास पेलेट प्रयोग गरेर कोइला उत्पादन गरिन्छ ।

# बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु



झापा(प्रस) । झापाको दमकमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । बुधवार साँझ अन्दाजी ७.२० बजे दमक नगरपालिका वडा न.७ पशुहाट डाँडास्थित पूर्वपश्चिम लोकमार्गमा दमकबाट केर्खातर्फ आउँदै गरेको मे १ ख ३०२७ नम्बरको यात्रुबाहक बस र केर्खाबाट दमकतर्फ जाँदै गरेको प्र.१-०२-०५२ प. २२११ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक दमक ४ बस्ने ३६ वर्षीय मिलन थापा गंभीर घाइते भएका थिए । उनलाई उपचारका लागि आर्य न्युरो अस्पताल बिराटनगर लगिएकोमा उपचारको क्रममा राति ८;४० बजे डाक्टरले मृत घोषणा गरेका थिए । बस चालक गौरादह ४ बस्ने ३२ वर्षीय सरकार टुडु र दुबै सवारी साधन इलाका प्रहरी कार्यालय दमकको नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# बिर्तामोडमा विज्ञान प्रदर्शनीको तयारी पूरा




बिर्तामोड(प्रस) । बिर्तामोडमा विज्ञान प्रविधि प्रदर्शनीको तयारी पुरा भएको छ । बुधवार पत्रकार सम्मेलनमार्फत आयोजकले प्रदर्शनीको तयारी पुरा भएको जनाएको हो । नेकपा एमाले कोशी प्रदेश कमिटीको विज्ञान तथा प्रविधि विभागले आयोजना गर्न लागेको प्रदर्शनी जेठ २४ गतेदेखि बिर्तामोडस्थित देवी माविमा हुने नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्य एवम् विज्ञान तथा प्रविधि विभाग प्रमुख गणेश पोखरेलले जानकारी दिए ।

प्रतियोगितात्मक प्रदर्शनी, अप्रतियोगी प्रदर्शनी एवम् स्वयंसेवी संस्थाहरुको गरी १२५ वटा स्टल तयार गरिएको पोखरेलले बताए । कोशी प्रदेशबाट १२ जिल्लाका ७० वटा विद्यालयले प्रतियोगितामा सहभागी हुन नाम दर्ता गराइसकेको जानकारी दिँदै विभागीय प्रमुख पोखरेलले उत्कृष्टहरुले पुरस्कार पनि प्राप्त गर्ने बताए ।

उनका अनुसार प्रथम पुरस्कार ४ लाख रुपैयाँ, दोस्रो पुरस्कार ३ लाख रुपैयाँ, तेस्रो पुरस्कार २ लाख रुपैयाँ र चौथो पुरस्कार १ लाख रुपैयाँ तथा २५ वटा विद्यालयलाई २५ हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिने छ ।

कोशी प्रदेशका १४ मध्ये १२ वटा जिल्लाबाट सहभागिताका लागि सुनिश्चित भएको र झापाका ३९६ वटा माध्यमिक विद्यालयलाई पत्राचार नै गरिएको जनाइएको छ । प्रदर्शनीको उद्घाटन जेठ २४ गते बिहान ११ बजे पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले गर्ने तय भएको छ । प्रदर्शनी अवलोकनका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको विभागीय प्रमुख पोखरेलले जानकारी दिएका छन् । उक्त अवधिभर विज्ञान तथा प्रविधि सम्बन्धी छलफल, अन्तरक्रिया एवम् विज्ञहरुबाट मन्तब्य सुन्न पाइने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ । आयोजनाको कूल लागत ४४ लाख ५० हजार रुपैयाँ अनुमान गरिएको जनाइएको छ ।

# भद्रपुरमा दोस्रो युवा भेला जेठ २३ र २४ गते हुने

भद्रपुर(प्रस) । दुई वर्ष अगाडि कोशी प्रदेशमै पहिलो पटक भद्रपुर नगरपालिकाले युवा सम्मेलन गरेर इतिहास बनाएपछि यस वर्ष दोस्रो संस्करण हुने भएको छ ।

युवाहरूको सशक्तिकरण जलवायु कार्य, नेतृत्व विकास र स्थानीय विकासमा हातेमालो भन्ने उद्देश्य बोकेर भद्रपुरमा दोस्रो नगर सम्मेलन '२०८२' हुने भएको हो ।

भद्रपुर नगर युवा परिषद्को आयोजनामा जेठ २३ र २४ गते भद्रपुर युवा नगर सम्मेलन हुन लागेको परिषद्का सदस्य सचिव योगेन्द्र पौडेलले जानकारी दिएका छन् ।

नगर सम्मेलनलाई सभ्य र भव्य बनाउने उद्देश्यले नगर युवा परिषद्ले नगर क्षेत्रका सरोकारवाला निकायसँग बृहत् छलफल समेत गरेको छ ।


छलफलमा कार्यक्रमको उद्देश्य र विषयवस्तु प्रस्तुत गर्दै परिषद्का अध्यक्ष समेत रहेका नगर प्रमुख गणेश पोखरेलले नगर सम्मेलनमार्फत युवाहरूको नेतृत्व विकास, परिचालन, सशक्तिकरण र स्थानीय विकासमा सहभागिताका लागि युवाहरूमा सकारात्मक उत्प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् । प्रमुख पोखरेलले युवाहरूमा सामाजिक तथा सामुदायिक दायित्व भावनाको विकास गर्ने, जीवनोपयोगी सीपको विकास गरी जीवनलाई उपयोगी र व्यवहारिक धारणासहित जिउन उत्प्रेरित गर्ने, नेतृत्व सीपको विकास गर्ने, सक्षम नेतृत्व विकासमा सहयोग गर्ने र दिगो विकासको स्थानीयकरणमा सहयोग गर्ने उद्देश्य रहेको प्रष्ट पारेका छन् ।

उक्त दुई दिने कार्यक्रममा सम्बन्धित विषयका विशेषज्ञहरू वैज्ञानिक तथा सामाजिक अभियन्ता, कवि, कलाकारलगायतले युवा नेतृत्व विकास, उद्यमशीलता, जीवनोपयोगी सीप, सकारात्मक सोच, मिडिया तथा डिजिटलाइजेसन, दिगो विकास लक्ष्य, सुरक्षित आवास सहर, युवा प्रतिभा प्रस्तुतीकरण तथा सम्मान, लागूपदार्थ दुर्व्यसनी न्यूनीकरण, सुशासन लगायतका विषयमा सहजीकरण गर्ने जनाइएको छ ।

नगर प्रमुख गणेश पोखरेलको अध्यक्षता भएको कार्यक्रममा पत्रकार हरूसित अन्तरक्रिया समेत गरिएको थियो ।

युवा परिषद भद्रपुरका कार्यकारी उपाध्यक्ष आरोग्य तिम्सेनाका अनुसार युवा भेलामा १६ देखि २४ वर्षसम्मका दुई सय २० जनालाई सहभागी गराइने छ । जसमध्ये वडाको सिफारिसमा प्रति वडाबाट ६ जनाका दरले ६० जना, खुल्ला आवेदनबाट १०० जना, अन्य युवा सम्बन्धी संघ संस्थाबाट ३० जना नगर युवा परिषदबाट १० जना र पर्यवेक्षक सहभागी २० जनालाई छनोट गरी कार्यक्रममा सहभागी गराइने जनाइएको छ ।

# अलैंची मजदुरहरूलाई अभिमुखीकरण



झापा(प्रस) । अलैंचीमा संलग्न कर्मचारी र मजदुरहरूको स्वास्थ्य र सुरक्षा सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम झापाको बिर्तामोडमा बुधवार सम्पन्न भएको छ । नेपाल अलैंची व्यवसायी महासंघको आयोजना तथा बिर्तामोड नगरपालिकाको सहयोगमा गोदाममा काम गर्ने अलैंची मजदुरका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो । बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रको प्रमुख आतिथ्यता तथा नेपाल अलैची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा श्रम कार्यालय भद्रपुरका प्रमुख मातृका कट्टेल र बिर्तामोड नगरपालिकाको श्रम तथा रोजगार शाखा प्रमुख होमनाथ भट्टराईले तालिमको सहजीकरण गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मिश्रले श्रमले तोकेको ज्याला लिएपछि इमानदारीताका साथ लगनशील भएर मजदुरहरुले काम गर्नु पर्ने धारणा राखे । उनले अलैंचीमा काम गर्ने मजदुरलाई रोजगारीको आवश्यकता भए नगरले पनि मापदण्ड अनुसार रोजगारी दिने बताउंदै सूचीकृत हुन उनीहरुलाई आग्रह गरे ।

उनीहरूले अलैंचीको क्षेत्रमा काम गर्ने मजदुरहरूले अपनाउनुपर्ने सुरक्षा तथा श्रम ऐन २०७४ कार्यान्वयनभित्र रहेका बुँदाहरूका विषयमा मजदुरलाई जानकारी प्रदान गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल अलैची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले व्यवसायी र मजदुरबीच नङ र मासुको सम्बन्ध रहेको भन्दै काम गर्ने सिलसिलामा सुरक्षाका सावधानी अपनाउनुपर्ने र स्वास्थ्यप्रति पनि उत्तिकै सजग हुनुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा चेम्बर अफ कमर्सका झापा अध्यक्ष तथा अलैची व्यवसायी महासंघका सल्लाहकार ओमकृष्ण बिमलीले शुभकामना मन्तब्य राखेका थिए ।

महासंघका महासचिव नारायणप्रसाद चिमरियाले सञ्चालन गरेको कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष इन्द्रचन्द विन्दलले स्वागत गरेका थिए । महासंघका कार्यकारी अधिकृत अनिल ढुङ्गानाको संयोजनमा भएको कार्यक्रममा केन्द्रीय सदस्य रामकृष्ण बिष्टलगायतको उपस्थिति रहेको थियो । तालिममा १ सय हाराहारीमा अलैंचीमा काम गर्ने मजदुरहरुको सहभागिता रहेको थियो ।



# विराट बहुउद्देश्यीय सहकारी संस्था लि.

**विर्तामोड न.पा.-३, सैनिकमोड झापा**

## ऋण बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२३
पुनःप्रकाशित मिति : २०८२/०२/२२

यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याज नियमित विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक घरमै पुगी तागेता गर्दा समेत अटेर गरि हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस संस्थामा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता/भुक्तान गर्न हुन यो सूचना जारी गरिएको छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो वा एकाघर परिवारको चलअचल सम्पत्तिबाट सहकारी ऐन २०७४, नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६, संस्थाको विनियम २०७२, ऋण नीति २०७८ तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम ऋणीलाई कालो सूचीमा राखी ऋण असुलउपर प्रक्रिया अगाडि बढाउने कुरा यसै सूचनामार्फत सूचित गरिन्छ ।

तपशील

| क्र.सं. | ऋणीको विवरण | धितो विवरण |
|---|---|---|
| १ | ऋणीको नाम : पुण्य प्रसाद प्रसाई<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ०१२८,१०९९<br>बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>बाजेको नाम : जनकलाल प्रसाई<br>पत्नीको नाम : पुष्पादेवी प्रसाई | क) जग्गाधनीको नाम : गुञ्जन प्रसाइ<br>जग्गाधनीको बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : डाँगीबारी-६, झापा<br>कि.नं. : १४६ क्षेत्रफल : ५०७.९३<br>जग्गा रहेको ठेगाना : अनारमनी-५, झापा<br>कि.नं. : ५७३ क्षेत्रफल : ६२६.४०<br>ख)) जग्गाधनीको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गाधनीको बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : अनारमनी-५, झापा<br>कि.नं. : ५७१ क्षेत्रफल : १५२.३७ |
| २ | नाम : गुञ्जन प्रसाई<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ०४१०१२/३२१<br>बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>बाजेको नाम : विष्णु प्रसाद प्रसाई<br>पत्नीको नाम : कृष्ण माया प्रसाई | क) जग्गाधनीको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गाधनीको बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : गरामनी-३, झापा<br>कि.नं. : २३७ र २३८ क्षेत्रफल : ४०.३७ र ३२५.००<br>ख) जग्गाधनीको नाम : गुञ्जन प्रसाइ<br>जग्गाधनीको बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : गरामनी-३, झापा<br>कि.नं. : ४३० र ४३१ क्षेत्रफल : १०१.५८ र ५९२.४२ |
| ३ | नाम : रमेश डांगी भन्ने मान वहादुर डांगी<br>ठेगाना : विर्तामोड-९, झापा<br>ना.प्र.नं. ३५७४३८१९<br>बाबुको नाम : चन्द्र वहादुर डाँगी<br>बाजेको नाम : कृष्ण वहादुर डाँगी<br>पत्नीको नाम : लक्ष्मी बुढाथोकी डाँगी | जग्गाधनीको नाम : रमेश डाँगी भन्ने मान वहादुर डाँगी<br>जग्गाधनीको बाबुको नाम : चन्द्र बहादुर डाँगी<br>जग्गा रहेको ठेगाना : गरामनी-८, झापा<br>कि.नं. : ३५२ क्षेत्रफल : १७२७.००<br>जग्गा रहेको ठेगाना : गरामनी-७, झापा<br>कि.नं. : ११८ क्षेत्रफल : १८८०.०० |
| ४ | नाम : कुमार भट्टराई<br>ठेगाना : विर्तामोड-४, झापा<br>ना.प्र.नं. ३५७४२६७०<br>बाबुको नाम : राम प्रसाद भट्टराई<br>बाजेको नाम : पदमलाल भट्टराई<br>पत्नीको नाम : धनमाया दाहाल | जग्गाधनीको नाम : धनमाया दाहाल<br>जग्गाधनीको बाबुको नाम : भानुभक्त दाहाल<br>पतिको नाम : कुमार भट्टराई<br>जग्गा रहेको ठेगाना : अनारमनी-२, झापा<br>कि.नं. : २४९ क्षेत्रफल : ५०७.९५ |
| ५ | नाम : विष्णु माया डाँगी<br>ठेगाना : विर्तामोड-९, झापा<br>ना.प्र.नं. ३५७४२६८०<br>बाबुको नाम : चन्द्र वहादुर डाँगी<br>बाजेको नाम : कृष्ण वहादुर डाँगी | जग्गाधनीको नाम : रमेश डाँगी भन्ने मान वहादुर डाँगी<br>जग्गाधनीको बाबुको नाम : चन्द्र बहादुर डाँगी<br>जग्गा रहेको ठेगाना : गरामनी-८, झापा<br>कि.नं. : ६४ क्षेत्रफल : २१००.०० |

**विराट बहुउद्देश्यीय सहकारी संस्था लि.**
**विर्तामोड न.पा.-३, सैनिकमोड झापा**
**फोन नं.०२३-५३०८५३/५३४५५०**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बहुआयामिक स्रष्टा थिए रसिक

साहित्यकार, सर्जक गणेश रसिकको आइतबार बिहान निधन भयो । लामो समयदेखि प्रोस्टेट क्यान्सरसँग जुधिरहेका रसिक सधैंका लागि अस्ताएका छन्। ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा उपचारका क्रममा आइतबार बिहान ११ बजे निधन भएको हो। भोजपुर, छिनामखुमा २००४ सालमा जन्मेका रसिक लामो समयदेखि प्रोस्टेट क्यान्सरबाट पीडित थिए। उनी नेपाल क्यान्सर अस्पतालमा नियमित उपचाररत थिए। घरमै एक नर्स राखेर उपचार गरिँदै आएकोमा केही दिनअघि गाह्रो भएपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो।

रसिक बहुआयामिक व्यक्ति थिए। उनका 'ओ याङ्जी नाना,' 'नुनजस्तो बिल्ने जिन्दगीलाई ढाकरमा बोकेर', 'धेरै सम्झे धेरै हुन्छ', 'हाम्रो घरबाट ट्याम्के डाँडा', 'ओ शून्यता', 'घरबेटी नानी आँगनीमा देऊ न मलाई बास', 'नखेल्नु जुवा र तास', 'रातो भाले क्वाँया क्वाँया' हरू कालजयी गीत हुन्। 'क्षितिजलाई छुन खोज्दा (कथासंग्रह), 'रसिकका गीतहरू' (गीतसंग्रह), 'आकाशगंगाको ओतमुनि' (उपन्यास), 'दशगजामा उभिएर', 'जब सिस्नुहरू टेक्दै हिंडे', पाँच पुस्तकको 'पेरुंगो' (संस्मरण) लगायत रसिकका प्रकाशित किताब हुन्। उनी रत्न रेकर्डिङदेखि राष्ट्रिय नाचघरसम्मको महाप्रबन्धक भएका थिए। उनी संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्यसचिवसमेत बनेका थिए।

साहित्यकार गणेश रसिकको निधनले राष्ट्रले एक बहुआयामिक सर्जक गुमाएको छ। विभिन्न विधामा अब्बल रहेका रसिक राष्ट्रिय भावनाले ओतप्रोत भएका गीत लेख्न खप्पिस थिए। उनकै शब्दमा लेखिएको हो बहुचर्चित गीत तराई हेर कति राम्रो हरियो वन हुनाले, यस्तै सुन नेपाली हो, नेपालमा जन्मिँदै नेपाली हुनेहरू हो भन्ने गीत पनि देशप्रेमले भरिएको छ। उनलाई गणेश रसिक बनाउने गीतहरू नै राष्ट्रिय भावनाले ओतप्रोत भएका शब्दहरू हुन्।

केही महिनाअघि एक सञ्चारकर्मीसँगको भेटमा उनले जिन्दगीको निराशा पोखेका थिए। मृत्यु चिन्तनले आक्रान्त पारिरहेको बताउँदै उनले भनेका थिए, 'म केही समयपछि नै जाँदैछु। गुमनाम तरिकाले लैजानु मेरो लास। आर्यघाटमा लैजानु र मेसिनमा हालिदिनु।'२०७८ कात्तिकपछि भने उनी पूर्ण रूपमा एक्लो भए। उनकी श्रीमती नीरा शेरचनको मृत्युपछि गणेश रसिक वियोगान्त एक्लो जिन्दगी बिताउँदै थिए। यही समयमा देखियो प्रोस्टेट क्यान्सर। यसले उनी बाँचेको जिन्दगीलाई पूरै निलिदियो। दुखाइ, पीडा, छटपटी, औषधिहरूको रियाक्सन र किमोको चोटसँगै उनी वर्षौं जुधिरहे। अनन्त जीवनदेखि हारेका उनले लामो विश्राम लिएका छन्।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# बजेटप्रति निजी क्षेत्र उत्साहित



• गोपिनाथ मैनाली

सरकारले संघीय संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटले निजी क्षेत्रबाट मनग्गे प्रशंसा पाएको छ । निजी क्षेत्र विकासको इन्जिन हो । उदारीकृत अर्थतन्त्रमा आर्थिक गतिशीलता निजी क्षेत्रको क्रियाकलापमाथि निर्भर गर्छ । नेपालले ४० को दशकदेखि निजी क्षेत्रलाई महत्व दिँदै आएको छ । प्रस्तुत बजेटले निजी क्षेत्रलाई विकासको इन्जिन मानेको, निजी क्षेत्रले दिएको सुझाव बजेटमा समावेश भएको, कर तथा सहुलियतमार्फत निजी उद्यमशीलतालाई सम्बोधन गरेको कारण निजी क्षेत्र सन्तुष्ट देखिएको छ । उद्यमी व्यवसायीका सङ्गठनले मुक्त कण्ठले प्रशंसा गरेका छन् । आफैँले प्रशंसा गरे अनुरूप कार्य नतिजा देखाएमा यो प्रशंसा साँचो ठहरिन्छ । गत वर्ष पनि निजी क्षेत्रले बजेटप्रति राजनीतिक समाजभन्दा अगाडि बढेर प्रशंसा गरेको थियो । तर परिणाममा त्यो नदेखिएको मात्र होइन, अर्थतन्त्रको शिथिलताले गति लिने सङ्केत देखिएको छैन । २०८२/८३ को बजेटमा निजी क्षेत्रले प्रशंसा गर्नु भनेको आक्रामक रूपमा अर्थतन्त्रलाई गतिशील बनाउने चुनौती स्वीकार्छौं भन्नु हो । सरकारले दिएको नीति सहुलियतका कारण निजी क्षेत्रसँग त्यो चुनौती स्वीकार्ने अवसर पनि छ ।

बजेटका दुई पाटा हुन्छन्, सामाजिक र वित्तीय । निजी क्षेत्रले बजेटप्रति खुसी व्यक्त गर्नु भनेको वित्तीय पाटोलाई सम्बोधन गर्छु भन्ने प्रतिबद्धता हो । अर्थतन्त्रलाई गतिशील बनाउने काम वित्तीय पाटोको हो । नेपालमा निजी क्षेत्रले सम्बोधन गर्ने भनेको आर्थिक वृद्धिका लागि लगानी हो, रोजगारीमुखी वृद्धि हो र बाह्य व्यापार नेपालको पक्षमा ल्याउन तुलनात्मक लाभका क्षेत्रमा वस्तु सेवाको निर्यात हो । नेपालको अर्थतन्त्रले अहिले सामना गरिरहेको प्रमुख समस्या पनि न्यून आर्थिक वृद्धि, उच्च बेरोजगारी, व्यापार घाटा र उच्च मूल्य वृद्धि हो । सोह्रौं आवधिक योजनाले पाँच वर्षमा अर्थतन्त्रलाई दोब्बर (इकोनोमिक डबल) मा पुऱ्याउने र बजेटले निर्धारण गरेको आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्ने अभीष्टबाट बजेट विषयान्तर हुन सक्दैन । निजी क्षेत्र जति प्रभावकारी भयो, त्यसैको सापेक्षमा आवधिक योजना र बजेटका लक्ष्य प्राथमिकता पूरा हुने गर्छन् । यसका लागि निजी क्षेत्रमा व्यावसायिक उद्यमशीलता आवश्यक देखिन्छ । बजेटप्रतिको सन्तुष्टिले निजी क्षेत्रले त्यो क्षमता देखाउँछ भन्ने स्पष्ट पार्छ । सरकार तुलनात्मक रूपमा साधनको मौद्रिक मूल्य सार्थकता सिद्ध गर्न त्यहाँ रहने कर्मचारीतन्त्रीय प्रवृत्ति र राजनीतिक तहमा देखिने सतहीपनका कारणले सम्भव नदेखिने हुँदा निजी क्षेत्रलाई वृद्धि र विकासको इन्जिन भनिएको हो । निजी क्षेत्र उत्पादक, उद्यमशील, अनुशासित र उत्साहित भएपछि वृद्धि र विकासको इन्जिन साँचो अर्थमा बन्न सक्छ । एकाध घरानाका व्यवसायले खास कारणवश देखाउने बबल्सले मात्र अर्थतन्त्रलाई स्वचालित रूपमा गतिवान् बनाउन सक्दैन ।

बजेटले निजी क्षेत्रलाई प्रोत्साहन दिन राजस्व प्रणालीलाई लगानीमैत्री बनाउन कानुन र कार्यविधि सुधार गर्ने प्रस्ताव गरेको छ । औद्योगिक संरक्षण तथा लगानी प्रवर्धन नीतिहरूको प्रस्ताव गरिएको छ । सूचना प्रविधि र होटेल रिसोर्टलाई विशेष उद्योग सरहको स्तर दिने व्यवस्था गरेको छ । सूचना प्रविधिजन्य निर्यातमा ७५ प्रतिशत कर छुटको व्यवस्था गरेको छ । नेपालमा बसेर सूचना प्रविधि सेवा निर्यात गर्नेलाई पाँच प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गरेको छ । १० करोड रुपियाँसम्मको स्टार्ट अप व्यवसायलाई पाँच प्रतिशत मात्र आयकर लाग्ने र यो नै अन्तिम हुने प्रावधान राखेको छ । प्राङ्गारिक तथा प्राकृतिक मल उत्पादनका उपकरण, खेलकुदका उपकरण, ग्रिन हाइड्रोजन उत्पादन, वैकल्पिक ऊर्जा उत्पादन, कर विवरण बुझाउन नसकेकालाई छुट, हवाई सेवा प्रदायकलाई सहुलियत, खाद्यान्न व्यवसायमा अग्रिम आयकर छुट र राजस्व व्यवस्थापनलाई आधुनिकीकरण गर्ने नीति घोषणा गरिएका छन् । यी सबै सहुलियतले निजी क्षेत्रलाई निकै प्रोत्साहन दिइएको स्पष्ट हुन्छ । यसबाट निजी क्षेत्रले लगानी र उद्यमशीलता देखाउँछ भन्ने अपेक्षा गरिएको पनि स्पष्ट हुन्छ ।

गत वर्षको यही समयलाई संस्मरण गर्ने हो भने निजी क्षेत्र यसरी नै खुसी भएको थियो । आफूले दिएका राजस्व तथा प्रशासनिक सुधारका सुझाव बजेटमा समेटिएका, आलु-प्याजमा लाग्दै आएको मूल्य अभिवृद्धिकर घटाइएको, नयाँ करका दरबन्दी नभएको र सहुलियतहरू दिइएको कारण निजी क्षेत्रले बजेटबाट आफू सन्तुष्ट भएको थियो । यस अवस्थामा बजेटको छ प्रतिशतको आर्थिक वृद्धि लक्ष्य हासिल हुनेमा नीतिशिल्पी आशावादी थिए । किनकि उद्योगी, व्यापारी, व्यवसायी सन्तुष्ट हुनु भनेको नीति लक्ष्यमा सहकार्यको प्रतिबद्धता हो तर आव अन्त्य हुन लाग्दा आर्थिक वृद्धिको लक्ष्य मात्र प्राप्त नभएको होइन कि अर्थतन्त्रमा मन्दी देखिएको छ, प्रभावकारी माग सिर्जना छैन, देखिएको उपलब्धि रोजगारविहीन छ । अर्थतन्त्रका कुनै पनि क्षेत्रमा आशाको सञ्चार छैन । बैङ्क तथा वित्तीय संस्थाहरू उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्साही देखिएका छैनन्, अति सुरक्षित क्षेत्रमा मात्र सीमित भए । बैङ्कहरूमा तरलता थुप्रियो तर सम्भावनाका क्षेत्र उपयोगितामा पुगेनन् । प्राकृतिक स्रोत उपयोगको पर्खाइमा छन् तर सीमित रूपमा जलविद्युत्बाहेक अन्य क्षेत्रमा चोखा छन् । व्यापार घाटामा सुधार आएको छैन, आयातमा देखिएको कमी आन्तरिक उत्पादनको कारण नभई क्रयशक्तिको कमीका कारण हो । सहकारी क्षेत्र उत्ताउलिएर वित्तीय प्रणालीमा कुण्ठा देखाउने कारक मात्र बनेन राजनीतिक क्षेत्रलाई समेत उथलपुथल हाँक दिन पुग्यो । निजी क्षेत्रले गरेको प्रतिबद्धता अनुरूप कहाँ लगानी भयो, कति लगानी भयो भन्ने कुरा न सरकारले समीक्षा गरेको छ न निजी क्षेत्रले नै त्यसको आँकडा प्रस्तुत गर्न सकेको छ । यसर्थ बजेट लगानीमैत्री छ, आफ्ना सुझाव सम्बोधन भयो भनेर मात्र निजी क्षेत्रको दायित्व पूरा हुँदैन ।

लामो समयदेखि निजी क्षेत्रले माग गरेको विदेशमा लगानी गर्ने ढोका यस वर्षको बजेटले खोलिदिएको छ । यसको आर्थिक तथा वित्तीय लागतको मूल्याङ्कन नभइकन नीति घोषणा भएको हो कि भन्ने देखिएको छ । नेपालको वित्तीय क्षेत्र कमजोर छ । तत्कालको अवस्थामा विनिमय सञ्चिति राम्रो देखिए पनि नेपालका घरानाको प्रवृत्ति विश्लेषण गरेर र केहीअघिको श्रीलङ्काको स्थितिको विश्लेषण गरेर मात्र यस प्रकारको नीति लिनु बुद्धिमत्तापूर्ण हुने थियो । सीमित पुँजी पनि लगानीका नाममा पलायन भए के गर्ने ? जे भए पनि घोषणा भइसकेपछि नीतिको आशय अनुरूप सदुपयोग होस् भन्ने आशा गर्नुको विकल्प छैन ।

आर्थिक समृद्धि र रूपान्तरणमा निजी क्षेत्रको सक्रियता चाहिन्छ भने सरकारको सावधान नेतृत्व । आर्थिक विकासका सुरुका दिनमा निजी क्षेत्रको सक्रियता र राज्यको गन्तव्यबोधी नेतृत्वको दर्कार अरू पर्छ । जस्तो कि चीनले ८० को दशकमा राजनीतिक संस्था परिचालन (डेमोक्रेटिक पार्टीको गरिबमुखी कार्यक्रम, कम्युनिस्ट युथ लिगको होप प्रोजेक्ट, व्यापार संघको 'ग्लोरियस कज,' महिला सङ्घको एन्जेल प्रोजेक्ट) र निजी क्षेत्रको सीमित उदारीकरणका साथ लगेको थियो । ७० को दशकमा सिङ्गापुर तथा दक्षिण कोरियाले सरकारको नेतृत्वमा निजी क्षेत्र परिचालन गर्ने नीति लिएको थियो । नेपालमा पनि पहिलो जनआन्दोलनपश्चात् गठित सरकारले प्रथम चरणको सुधारका कार्यक्रममार्फत निजी क्षेत्रको सम्भावना उपयोग गर्ने नीति लियो । दुःखको कुरा पहिलो चरणको सुधारको उपलब्धि रक्षा गर्न सकिएन र कतिपय निजी क्षेत्रका घराना नीति प्रभाव पारेर नीति कार्यक्रम ल्याउन सफल भए । परिणामतः निजी क्षेत्रमा संस्थागत संस्कृति नै विकास हुन पाएन । लिइएका नीतिले वास्तविक निरन्तरता पाएनन् । नीतिका लाभ लागत र अन्तर क्षेत्र प्रभाव विश्लेषण पनि भएन । नियामक निकाय समस्याको अन्तिम अवस्थामा मात्र सक्रियता देखाउन थाले । यस अवस्थामा निजी क्षेत्र वास्तविक रूपमा उत्साहित भएका हुन् कि होइनन् भन्ने पनि प्रश्न उठ्न सक्छ । यसर्थ निजी क्षेत्रले बजेटप्रति गरेको प्रशंसालाई नतिजामा पुऱ्याउन स्वयम् निजी क्षेत्र र सरकारको सहकार्य अनुभूत तहमा हुनु पर्छ ।

# खस्कँदो पठन संस्कृति



• प्रेमनारायण भुसाल

इन्टरनेटको विस्तारले दुर्लभ सामग्रीमा पनि सहज पहुँचको अवस्था सिर्जना गऱ्यो । पुस्तकालयमै गएर निश्चित समयमा अध्ययन गर्नुपर्ने सामग्री आफ्नो अनुकूलतामा संसारको जुनसुकै ठाउँबाट अध्ययन गर्न सकिने वातावरण बन्नु पठन संस्कृति विकासका लागि महत्वपूर्ण कोसेढुङ्गा हो । पछिल्लो समय कोरोना महामारीका कारण सूचना प्रविधिको बढ्दो प्रयोग एवं विकसित भएका सामाजिक सञ्जालका कारण अपेक्षा गरेभन्दा ठिक विपरीत संस्कृतिको निर्माण गरेको देखिन्छ । कृत्रिम बौद्धिकताको विकास र सानो डिभाइस मोबाइलमै संसारका यावत् सूचना प्राप्त गर्न सकिने सुविधाले मानव समाजलाई उत्साही बनाउनुपर्नेमा झनै अल्छी बनाएको अध्ययनले देखाएको छ । यसको प्रत्यक्ष प्रभाव विद्यालय तहमा अध्ययन गर्ने कलिला बालबालिकामा परेको छ ।

कुनै समय बजारमा उपलब्ध भएका नयाँ पुस्तक पढ्न पुस्तकालय धाउने विद्यार्थी अहिले सहज रूपमा उपलब्ध भएका नयाँ र रोचक सामग्रीको अध्ययन गर्नुभन्दा छोटकरीमा त्यसको सारांश बोध गर्ने दिशामा उद्यत भएका छन् । यसमा कृत्रिम बौद्धिकताले त झनै ठुलो परिवर्तन ल्याइदिएको छ । प्राप्त सामग्री अन्य सामग्रीभन्दा के कति कारणले भिन्न छ वा यसका राम्रा र नराम्रा पक्ष के छन् भन्ने बारेसमेत सारांश र आलोचनात्मक टिप्पणी कृत्रिम बौद्धिकताले नै दिने भएकाले जेन्जीका रूपमा चिनिएका विद्यार्थी पुस्तकको सम्पूर्ण सामग्री अध्ययन गर्नुभन्दा सारांशबाटै अवधारणा निर्माण गर्ने अभ्यासमा लागेका छन् । यसले गर्दा पठन संस्कृतिमा ह्रास आएको छ भने साहित्य तथा अन्य रचनाको अध्ययन गर्ने लत लागेका व्यक्तिसमेत सहज उपलब्ध अनलाइन सामग्रीमा अभ्यस्त हुन खोज्दा उनीहरूको पनि गहन अध्ययन गर्ने बानी हराउँदै गएको अध्ययनले देखाएको छ । लेखिएको वा छापिएको सामग्री अध्ययन गर्दा जति गहनतामा पुग्न सकिन्छ स्क्रिनमा भएको सामग्रीबाट व्यक्तिले त्यति गहनतामा पुग्न नसकी सतही सार मात्र भेट्न सक्छ भन्ने अध्येताको अनुभवबाट प्रमाणित भएको छ ।

विद्यार्थीमा पठन संस्कृतिको विकास गर्न विद्यालयले उनीहरूका जिज्ञासा मेटाउने वा पूरा गर्ने होइन उनीहरूमा जिज्ञासा वा भोक जगाउने प्रकृतिका क्रियाकलाप गराउनु आवश्यक हुन्छ । कुनै समय लुकीलुकी उपन्यास पढ्ने विद्यार्थी अहिले मोबाइल वा ल्यापटपको स्क्रिनमा गेम तथा अन्य यस्तै सामाजिक सञ्जालमा अलमलिइरहेको देखिन्छ । पछिल्लो समय त निश्चित पाठ्यपुस्तकमा आधारित भई विद्यालयमा गराइने पठनपाठन र दिइने गृहकार्यसमेत विद्यार्थीले अनलाइनमा उपलब्ध सामग्रीकै आधारमा निर्माण गर्ने गरेका छन् । २०औँ शताब्दीलाई सूचनाको युग भने जस्तै २१ औँ सताब्दीलाई गलत सूचनाको बाढीबाट बचेर सही सूचना पहिचान गर्न सक्षम बन्नुपर्ने समयका रूपमा चिनिन्छ ।

आजको युवापुस्ता सञ्जालमा उपलब्ध भएका सामग्रीबाटै कुनै पनि घटना वा विषयवस्तुप्रति आफ्नो धारणा निर्माण गर्ने समूहका रूपमा परिचित हुन थालेको छ । विद्यालय तहका विद्यार्थी नै कुनै पनि विषयवस्तुको अध्ययनमा एकाध घण्टासमेत एकाग्र हुन नसक्नुले भोलिका दिनमा अध्ययन संस्कृति झनै ह्रास भएर जाने सहजै अनुमान गर्न सकिन्छ ।

नेपालका परिप्रेक्ष्यमा हेर्ने हो भने सहरी मात्र होइन, ग्रामीण क्षेत्रमा समेत इन्टरनेटको पहुँच बढ्दै जाँदा भाषिक विचलन र अध्ययन गर्ने बानीमा परिवर्तन आएको छ । इन्टरनेट र सामाजिक सञ्जालमा प्रयोग हुने कोड वा छोटो भाषा, सन्देश प्रवाह गर्न अङ्ग्रेजीमा लेखिएका सामग्रीको छरितोपन र एक किसिमको आकर्षण पनि नेपाली तथा मातृभाषाप्रतिको आकर्षणलाई न्यून गर्ने माध्यम बनेका छन् । सामान्यतया १२ कक्षासम्म अध्ययन गर्ने विद्यार्थी आफ्नो पाठ्यपुस्तकभन्दा बाहिरको कुनै पनि विषयवस्तुको अध्ययन नगरी आफूलाई अब्बल साबित गर्न तयार हुन्छन् । भाषिक सिप विकासका लागि मात्र होइन, व्यावहारिक र वास्तविक ज्ञान प्राप्त गर्न पनि विभिन्न समयका साहित्यिक र गैरसाहित्यिक कृतिको अध्ययन आवश्यक हुन्छ । यसले विद्यार्थीको चिन्तनको दायरा विस्तार गर्छ । भाषामा दखल कायम गर्न र सामाजिक यथार्थलाई पहिचान गर्न पनि समसामयिक साहित्यिक एवं साहित्येतर सामग्रीको

अध्ययन अनिवार्य र अपरिहार्य हुन्छ । यसलाई बढावा दिने वातावरण सिर्जना गरिनु पर्छ ।
पछिल्लो समय विद्यालय तहमा अध्ययन गराइने सामग्रीले विद्यार्थीलाई सन्दर्भ सामग्रीप्रति आकर्षित गर्नुको सट्टा दिइएकै सामग्रीमा सीमित भई विषयवस्तु बोध गर्ने दिशातर्फ मात्र प्रेरित गरेको पाइन्छ । विद्यालय तहमा लागु गरिएको नयाँ पाठ्यक्रम धेरै जसो विषयमा समसामयिक देखिए पनि नेपाली विषयमा भने रुढीवादी र सङ्कुचित सोचले ग्रस्त देखिन्छ । व्यक्तिवादी प्रवृत्तिका कारण विद्यार्थीको मनोविज्ञान, रुचि र समाजको आवश्यकतालाई सम्बोधन गर्न सक्ने अवस्थामा रहेको देखिन्न । नेपाली विषय अध्ययन गर्ने विद्यार्थीले पाठ्यपुस्तकमा राखिएका निश्चित व्यक्तिका रचना अध्ययन गरी तत्कालीन समाज बुझ्ने वा विधागत ज्ञान र सिप प्राप्त गर्ने सम्भावना वर्तमान पाठ्यक्रममा देखिँदैन बरु हजुरबाका पालादेखि नै पाठ्यवस्तुका रूपमा राखिएका पाठहरूको कक्षागत क्रम भङ्ग गरी गरिएको प्रस्तुति र समान किसिमका प्रश्नको उत्तर तयार गर्ने घोकन्ते विधिमा विद्यार्थीलाई अलमल्याउने काम गरेको छ । पाठ्यक्रम खुला प्रकृतिको हुनुपर्थ्यो जसले पठन संस्कृतिको विकास गर्न कुनै न कुनै रूपमा सहयोग गर्थ्यो ।

विद्यालय तहमा मूलतः भाषा सिकाउने साथसाथै साहित्यिक विधाका माध्यमबाट समाज संस्कृति र भाषाका बिचमा तालमेल ल्याउने प्रयास गरिनुपर्थ्यो । लगभग आधा शतकअगाडि रचना गरिएका कृतिको अध्ययन गरी विद्यार्थीले न वर्तमान समाज बुझ्न सक्छन् न त भाषाको व्यावहारिक सिप र प्रयोग । मात्र पाठसँग सम्बन्धित विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्ने सिपमा मात्र केन्द्रित पाठ्यक्रमले न त भाषिक सिप वृद्धि गर्छ न त सिर्जनशीलतालाई नै प्रवर्धन गर्न सक्छ । तोकिएका पाठहरूको भाव, सन्देश र चरित्रचित्रण गर्ने सामान्य सिपका अतिरिक्त ज्ञान, प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जनाको तहमा पुग्नै नसक्ने अवस्था रहेको छ । पाठ्यवस्तुले संज्ञान विकास गर्ने र घोक्ने प्रवृत्तिलाई मात्र केन्द्रमा राखेको छ । यस अर्थमा पठन संस्कृतिको विकास गर्न विद्यालय तहको पाठ्यक्रम नै प्रतिकूल छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

विद्यार्थीले सिकाइ उपलब्धि हासिल गर्न खुला स्रोतबाट विषयवस्तुको चयन गर्ने र तिनको प्रस्तुतिबाट तार्किक एवं सिर्जनात्मक क्षमतालाई प्रवर्धन गर्ने विकल्प चयन गर्न सक्ने अवस्था वर्तमान पाठ्यक्रममा देखिँदैन । यसैले उनीहरू नयाँ विषयवस्तु वा नयाँ रचनाप्रति आकर्षित हुने वातावरण नै छैन । त्यति मात्र कहाँ हो र, शिक्षण पेसामै संलग्न भएका शिक्षकसमेत दशकौँसम्म पाठ्यपुस्तकका अतिरिक्त कुनै पनि कृतिको अध्ययन नगरीकन बस्ने गरेका छन् । शिक्षकले गर्ने अल्छीका सन्दर्भमा विद्यालय तहको मात्र कुरा नगरी विद्यार्थीलाई अनुसन्धान गराउने प्राध्यापकले बर्सौंदेखि कुनै पनि नयाँ कृतिको अध्ययन नगरेको तथ्य केही समयअगाडि सार्वजनिक भएको थियो । यसले समग्रमा पठन संस्कृति दिनानुदिन दयनीय अवस्थामा पुग्न थालेको सङ्केत गर्छ । विद्यालय तहकै विद्यार्थी र उनीहरूलाई उपलब्ध गराइएका सामग्रीमा दृष्टि लगाउँदा पठन संस्कृतिको बाधक पाठ्यक्रम र विशिष्टीकरण तालिका देखा पर्छ ।


विद्यालय तहका पाठ्यक्रममा आधारित भई निर्माण गरिएका विशिष्टीकरण तालिकाले धेरै विषयको अध्ययन गर्नभन्दा पाठ्यपुस्तकभित्रै रुमलिन र सीमित हुन बाध्य पार्ने काम गरेको छ । सिप परीक्षणका लागि मूल्याङ्कन गरिनुपर्नेमा कुन सिप परीक्षण गर्न प्रश्न निर्माण गरिएको हो भन्नेमा समेत अस्पष्टता सिर्जना गरी प्राविधिक रूपमा एक वाक्य, दुई वाक्य, पाँच/सात वाक्य वा १५-२० वाक्यमा उत्तर दिने प्रकृतिका प्रश्न सोध्ने गरिएको छ । यसले पनि नयाँ विषयवस्तुको अध्ययन, खोज र प्रस्तुतिभन्दा निश्चित डोरेटोमा सीमित सामग्रीको प्रस्तुतिमा जोड दिनुपर्ने अवस्था रहेको देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका नेपाली र अङ्ग्रेजी भाषाका पाठ्यक्रमलाई नै दाँजेर हेर्ने हो भने अङ्ग्रेजी विषयको पाठ्यक्रमले केही न केही सिर्जनशीलतालाई जोड दिएको पाइन्छ । खुला प्रकृतिका प्रश्न र पाठ्यवस्तुमा समेत स्वतन्त्रता राखी सिकाइ उपलब्धि र प्रयोगलाई अङ्ग्रेजी पाठ्यक्रममा जोड दिइएको छ भने नेपालीमा निश्चित व्यक्तिका निश्चित रचना पढी परम्परित रूपमै प्रश्नोत्तर गर्ने कुरामा मात्र सीमितता अपनाइएको छ । यसले विद्यालय तहका विद्यार्थीले सामाजिक विषयपछिको अरुचिकर विषयका रूपमा नेपालीलाई लिने गरेका छन् । मातृभाषा र भाषा साहित्य, त्यो पनि अरुचिकर हुने हो भने विद्यार्थीमा सिकाइ र पठन संस्कृतिको विकास कसरी हुन सक्ला ?

# झापामा बाढी आउँदा पीडितहरुलाई यसरी उद्धार तथा राहत वितरण गरिने (तस्वीरमा कृत्रिम अभ्यास )






## झापा गाउँपालिकामा लाखौंको चोरी



झापा(प्रस) । झापा गाउँपालिकामा लाखौंको चोरी भएको छ ।मंगलवार राति झापा गाउँपालिका वडा न.१ सिद्धिनगर टोल बस्ने खेमराज कोचको घरबाट सुन-३ तोला, चाँदी-१७ तोला, मोबाइल , लेडिज साइकल र नगद २ लाख गरी अन्दाजी ८ लाख ३० हजार बराबरको चोरी भएको प्रहरीले जनाएको छ ।

खेमराज कोच कामको सिलसिलामा बिदेशमा रहेको र घरमा बुबा आमा सुतिरहेको अवस्थामा घरमा राखेको दराजको ताल्चा फुटाई नगद र गरगहना चोरी भएको भन्ने बताइएको छ ।

## दुर्व्यसनीलाई पक्राउ गर्न खोज्दा महिला प्रहरी घाइते

झापा(प्रस) । महिला दुर्व्यसनीलाई पक्राउ गर्न खोज्दा लडेर इलाका प्रहरी कार्यालय बिर्तामोडकी एक महिला प्रहरी घाइते भएकी छन् ।

मंगलवार राति ९:३० बजे बिर्तामोड वडा न.१ अधुवा खोलाको पुल मुनि लागूऔषध सेवन गरिरहेका दुईजना महिला दुर्व्यसनीलाई पक्राउ गर्न खोज्दा लडेर इलाका प्रहरी कार्यालय बिर्तामोडमा कार्यरत जवान अनिशा भण्डारी घाइते भएका हुन् । उनी ढुंगामा ठोक्किएर लडेकी थिइन् । घाइते भण्डारीलाई कनकाई अस्पताल बिर्तामोड लगी उपचार गराइएको प्रहरी स्रोतले जनाएको छ । उनको बायाँ खुट्टाको लिगामेन्ट चर्केको छ ।

भण्डारी लडेपछि ती महिला दुर्व्यसनी फुत्केर भाग्न सफल भएका छन् । बिर्तामोडको अधुवा खोलाको पुल लागूऔषध दुर्व्यसनीको अखडाजस्तै बनेको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।